मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या:-२०८०/०८१

## उमेर यकिन एवं प्रमाणित गरी विवाह गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति:-२०८०/०६/२२)

विवाह एक पुरुष र एक महिला बीचमा धार्मिक, सामाजिक एवं कानूनी रुपले पतिपत्नीको नाता स्थापित गर्ने सम्बन्ध हो । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ७०(घ) बमोजिम महिला र पुरुषको उमेर २० (बीस) बर्ष पूरा भएको हुनु पर्दछ । महिला र पुरुष दुबै २० (बीस) बर्ष उमेर पूरा नभई गरिएको विवाह बाल विवाह हो । यो कानूनतः बर्जित र दण्डनीय हुन्छ । आर्थिक, शैक्षिक, स्वास्थ्य लगायतका बहुआयामिक दृष्टिकोण एवं पक्षबाट समेत हेर्दा बाल विवाहका धेरै नकरात्मक असरहरु हाम्रा समाजमा विद्यमान छन् । मरिण गाउँपालिका क्षेत्रभित्र पनि बाल विवाह हुने गरेको यदाकदाका घटनाहरुबाट पुष्टि हुन्छ । तसर्थ, बाल विवाह जस्तो कानूनतः बर्जित एवं दण्डनीय क्रियाकलापलाई निरुत्साहित गरी समुन्नत समाजको निर्माण गर्नका लागि मरिण गाउँपालिकाको आ.व. ०८०।८१ को बार्षिक नीति तथा कार्यक्रमको बुँदा नं. २४६ मा उल्लिखित बाल विवाहलाई निरुत्साहित गर्न शून्य सहनशीलता अपनाई मिति २०८० मंसिर महिनाबाट अझ कडाईका साथ नियमन र नियन्त्रण गर्ने नीति लिईनेछ भन्ने नीतिगत व्यवस्थाको ठोस र मूर्त तवरले प्रभावकारी कार्यान्वयानार्थ मरिण गाउँपालिका अन्तर्गतका सबै सम्बन्धित वडा कार्यालयहरुबाट मिति २०८० मंसिर १ गते देखि लागू हुने गरी विवाह हुनु भन्दा अघि विवाह हुन लागेका महिला र पुरुषको कानूनतः विवाह योग्य उमेर अनिवार्य रुपमा यकिन एवं प्रमाणित गराई विवाहका लागि अनुमति लिएर मात्र विवाह गर्न दिने मिति २०८०।०६।२१ को गाउँ कार्यपालिकाले निर्णय गरेको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८०।०६।२२

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत